# युवा सचेतना अभियान-कार्यक्रम सञ्चालन कार्यविधि,२०७९

मन्त्रालयबाट स्वीकृत मितिः २०७९।....।....

**प्रस्तावना:** बागमती प्रदेश सरकारको (आर्थिक वर्ष २०७९।०८०) नीति तथा बजेट कार्यक्रम अनुसार प्रदेशका बालबालिका तथा युवालाई लक्षित गरी लागू औषध दुर्व्यसन, जातिय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचबिखन र विद्युतीय अपराध विरुद्ध सचेतना जगाउने उद्देश्य अनुरुप "हाम्रो ध्यान युवा सचेतना अभियान" कार्यक्रम सञ्चालनको लागि प्रदेशभित्र रहेका सरकारी एवं सामुदायिक विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई सकारात्मक सोचको विकास गर्न, नैतिक एवं चरित्रवान र जिम्मेवार नागरिकका रूपमा विकास गर्न आवश्यक भएकाले विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "युवा सचेतना अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुशिक्षक" भन्नाले मन्त्रालय मार्फत प्रशिक्षक प्रशिक्षण प्राप्त गर्ने विद्यालयका सामाजिक शिक्षकलाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले मन्त्रालयले छनौट गरेका विद्यालयमा सञ्चालित युवा सचेतना अभियान कार्यक्रम सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्दछ।

(घ) "विद्यालय" भन्नाले प्रदेश भित्रका सरकारी एवं सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिमको निर्देशक तथा कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ।

(छ) "समूह" भन्नाले दफा ५ बमोजिम गठन हुने युवा सचेतना समूह सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

३. <u>निर्देशक तथा कार्यक्रम कार्यान्वयन समितिः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विद्यालय, शिक्षक एवं समूहलाई आवश्यक निर्देशन एवं समन्वयको लागि मन्त्रालयमा देहायका सदस्यहरु रहेको एक निर्देशक तथा कार्यक्रम कार्यान्यवन समिति रहनेछः-

(क) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -संयोजक

(ख) शाखा प्रमुख (मानव अधिकार हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) शाखा प्रमुख (यूवा हेर्ने), सामाजिक विकास मन्त्रालय -सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ङ) शाखा प्रमुख (शान्ति सुरक्षा), मन्त्रालय -सदस्य-सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तक र अनुशिक्षण तालिमको कार्यविधि स्वीकृत गर्ने,

(ख) विद्यालयको छनौट गरी यस कार्यविधि बमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

(ग) समूहको मासिक प्रगति प्रतिवेदनको पृष्ठपोषण प्रदान गरी सुधारको लागि आवश्यक सल्लाह तथा निर्देशन प्रदान गर्ने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकाय, सम्बन्धित संस्थाहरुसँग समन्वय र सहजीकरण गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनमा आइपर्न सक्ने समस्याहरुको पूर्वानुमान तथा पहिचान गरी समाधान गर्ने,

(च) कार्यक्रमको स्थलगत भ्रमण तथा अनुगमन गर्ने,

(छ) कार्यक्रम प्रभावकारिताको लागि मन्त्रालयले तोकेको अन्य आवश्यक कार्य गर्ने।

४. <u>विद्यालयको छनौटका आधारहरुः</u> समितिले कार्यक्रम लागू हुने विद्यालयको छनौटको लागि देहाय बमोजिमको आधार लिनेछः-

(क) सडक दुर्घटना, लागू औषध दुर्व्यसन, जातिय विभेद जस्ता सामाजिक कुप्रथा, यौनिक तथा घरेलु हिंसा र विद्युतीय अपराध लगायतका विकृतिहरुको बढी जोखिम भएको क्षेत्रमा रहेको विद्यालय,

(ख) तुलनात्मक रूपमा बढी विद्यार्थी संख्या भएको सामुदायिक तथा सरकारी विद्यालय,

(ग) लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत आदिवासी जनजातिको बसोबास रहेको क्षेत्र,

(घ) अन्य संघ-संस्थाबाट यस्ता प्रकृतिका कार्यक्रम सञ्चालन नभएका विद्यालय,

(ङ) निर्देशक समितिले ठहऱ्याएका अन्य उपयुक्त आधार।

५. <u>युवा सचेतना समूहको गठनः</u> (१) कार्यक्रमको प्रभावकारिता एवं विद्यालयमा सचेतनामूलक क्रियाकलापहरु सञ्चालनको लागि यस कार्यविधि बमोजिम छनौट भएका विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

विद्यार्थीहरुमध्येबाट सम्बन्धित विद्यालयका प्रधानाध्यापकको समन्वयमा निजले तोकेको देहाय बमोजिमको सदस्य रहेको एक युवा सचेतना समूह गठन हुनेछ:

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | -एक जना |
| (ख) | उपाध्यक्ष | -दुई जना |
| (ग) | सचिव | -एक जना |
| (घ) | सदस्य | -चार जना |

(२) उपदफा (१) बमोजिम रहने समूहमा देहाय बमोजिम हुने गरी सदस्य मनोनित गर्नु पर्नेछः-

(क) अध्यक्ष र सचिव मध्ये कम्तिमा एक पदमा महिलाको प्रतिनिधित्व,

(ख) दुई उपाध्यक्ष मध्ये कम्तिमा एक जना आदिवासी जनजाति वा मधेशी समुदायको प्रतिनिधित्व,

(ग) विद्यालयमा लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत आदिवासी जनजाति विद्यार्थी रहेमा कम्तिमा एक जनालाई सदस्य पदको जिम्मेवारी प्रदान गर्नु पर्नेछ।

तर खण्ड (क), (ख) र (ग) बमोजिमको क्षेत्रबाट प्रतिनिधित्व गर्ने विद्यार्थी नै उपलब्ध हुन नसक्ने अवस्थामा प्रध्यानाध्यापकले आवश्यकता अनुसार उपलब्ध विद्यार्थीलाई तोक्न सक्नेछ।

(३) समूहले विद्यालयमा देहाय बमोजिमका सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने छन्:-

(क) विद्यालयसँग समन्वय गरी साप्ताहिक, मासिक कार्ययोजना तयार गर्ने,

(ख) विद्यालय र समुदाय स्तरमा लागू औषधी दुर्व्यसन, आत्महत्या, जातिय विभेद जस्ता समाजिक कुप्रथा, मानव बेचबिखन, यौनिक तथा घरेलु हिंसा र विद्युतीय अपराधका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र यस्ता विषयसँग सम्बन्धित कार्यक्रमहरुमा सहभागिता जनाउने,

(ग) समूहले सम्पादन गरेका गतिविधिहरूलाई प्रतिवेदनको ढाँचामा अभिलेख तयार गरी सम्बन्धित विद्यालय र स्थानीय तहको सूचना पाटीमा टाँस गर्ने साथै विद्यालयसँगको समन्वयमा सामाजिक सञ्जालमा पनि आबद्ध गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) को कार्य सञ्चालनार्थ मन्त्रालयले सचेत युवा कोषका लागि युवा सचेतना समूह गठन भएको जानकारी प्राप्त भएपश्चात सम्बन्धित विद्यालयको खातामा एक पटकको लागि रू. दश हजार प्रदान गर्नेछ।

(४) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन एवं यस दफा प्रयोजनको लागि मन्त्रालयबाट नियुक्त भई सम्बन्धित स्थानीय तह वा नजिकको स्थानीय तहमा रहेको स्थानीय न्यायिक सहजकर्तालाई आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

६. <u>कार्यक्रम सञ्चालनका चरणहरु:</u> यस कार्यविधि बमोजिम छनौट भएका विद्यालयमा देहाय बमोजिम तीन चरणमा कार्यक्रम सञ्चालन गरिनेछ:-

(क) <u>पहिलो चरण:</u> यस चरणमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ:-

(१) दफा ४ बमोजिम प्रदेश भित्रका दश जिल्लाका दश वटा विद्यालयहरु छनौट गरी विद्यालयसँग अनुसुची- १ बमोजिमको ढाँचामा समझदारी गरिनेछ।

(२) प्रचलित कानून बमोजिम परामर्शदाता फर्म, कम्पनी वा संस्था मार्फत देहायका कार्यहरु गरिनेछ:-

(क) अनुसूची- २ बमोजिमको विषयवस्तु समावेश भएको तालिम निर्देशिका र हाते पुस्तिका तयार गरी आवश्यक परिमाणमा छपाई गरिनेछ।

(ख) छनौट भएका विद्यालयको माध्यमिक तहको एक/एक जना सामाजिक विषय शिक्षकलाई उपखण्ड (२) को (क) बमोजिमको निर्देशिका र हातेपुस्तकका आधारमा अनुशिक्षण तालिम प्रदान गरिनेछ।

(ख) <u>दोस्रो चरण:</u> यस चरणमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ:-

(१) तालिम प्राप्त अनुशिक्षकले आ-आफ्नो विद्यालयमा प्राप्त निर्देशिका बमोजिम कक्षा नौ र दशका विद्यार्थीहरुलाई विद्यालयको समयानुकूल कम्तिमा हप्ताको दुई घण्टा कक्षा सञ्चालन गर्नेछन्।

(२) अनुक्षिशकको प्रशिक्षणको कार्यपत्रको सम्बन्धमा आवश्यक अनुगमन र सो कार्यपत्र माथि टिप्पणी गर्ने कार्य सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ।

(३) सम्बन्धित विद्यालयका अनुशिक्षकले दफा ५ बमोजिमको युवा सचेतना समूह गठन गर्नेछन् र समूहले सोही बमोजिमका गतिविधिहरु सञ्चालन गर्नेछ।

(ग) <u>तेस्रो चरण:</u> यस चरणमा देहाय बमोजिमका कार्यहरु सञ्चालन गरिनेछ:-

(१) अनुशिक्षकले कार्यक्रममा सहभागी सम्पूर्ण विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापक समितिसँग अन्तरक्रिया गरी पृष्ठपोषण सङ्कलन गर्नेछ।

(२) संकलित पृष्ठपोषणको आधारमा अनुसूची- ३ बमोजिमको प्रतिवेदन तयार गरिनेछ।

७. <u>कार्यक्रम कार्यान्वयन तथा सञ्चालन खर्च:</u> (१) कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि मन्त्रालयले देहायको शीर्षकमा प्रचलित कानून बमोजिम खर्चको कार्यविधि भित्र रही खर्च गरी कार्यान्वयन गर्नेछ:-

(क) तालिम निर्देशिका र पाठ्यक्रम तयारी,

(ख) तालिम निर्देशिका र हाते पुस्तिका छपाई,

(ग) अनुशिक्षण प्रशिक्षण तालिम सञ्चालन,

(घ) अनुशिक्षण सामग्री,

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(ङ) अनुशिक्षण भत्ता, कार्यक्रम संयोजन भत्ता, कार्यपत्र टिप्पणी, प्रतिवेदन आदि,

(च) सचेत युवा समूह कोष सञ्चालन,

(छ) युवा सचेतना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च,

(ज) सूचना प्रकाशन, अनुगमन मूल्याङ्कन तथा समिक्षा कार्यक्रम सञ्चालन,

(झ) अन्य विविध।

८. <u>अनुशिक्षण विधिः</u> (१) यस कार्यविधि बमोजिम छनौट भएका अनुशिक्षकले मन्त्रालयले निर्धारण गरेको तालिम निर्देशिका एवं हाते पुस्तिका बमोजिम प्रत्येक हप्ताको दुई पटक गरेर कार्यक्रम अवधिको अन्त्यसम्म न्यूनतम पचास प्रतिशत विषयवस्तु वा तेह्र घण्टाको कक्षा सञ्चालन गरेको हुनुपर्नेछ।

(२) अनुशिक्षकले २०८० सालको जेष्ठ महिनाभित्र कार्यक्रम सञ्चालन गरी सक्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षण गराउने शिक्षकले सो बापतको कार्यपत्र वा प्रशिक्षण सामाग्री समेत भत्ता प्रयोजनको लागि पेश गर्नु पर्नेछ।

(४) प्रशिक्षण गराउने शिक्षकले प्रति कक्षा स्वरुप रू एक हजार भत्ता (पारिश्रमिक कर बाहेक) पाउनेछ।

(५) विद्यालयको प्रधानाध्यापकले कार्यक्रमको समन्वय एवं अनुशिक्षकले गरेको प्रशिक्षणको कार्यपत्रको सम्बन्धमा टिप्पणी गरे बापत कार्यपत्र सङ्ख्या बराबर टिप्पणीकर्ताको रुपमा प्रतिकार्यपत्र रू. ४०० भत्ता पाउनेछ।

९. <u>अनुगमन तथा मुल्याङ्कनः</u> मन्त्रालयले कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्नेछ।

१०. <u>कार्यक्रम सञ्चालन बापत रकम भुक्तानीः</u> अनुशिक्षक र टिप्पणीकर्ता प्रधानाध्यापकले अनुसूची- ४ मा तोकिएको फाराम प्रमाणित गरी र अनुसूची- ३ बमोजिमको कार्यक्रम प्रतिवेदन समेत संलग्न गरी यस कार्यविधि बमोजिम कार्यक्रम अवधि समाप्त भएपछि भत्ता भुक्तानीको लागि असारको पहिलो हप्ताभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

११. <u>बजेट सम्बन्धी व्यवस्थाः</u> यस कार्यक्रमको उद्देश्य पूर्ति गर्न मन्त्रालयको स्वीकृत वार्षिक बजेटमा विनियोजन भएको रकमबाट यस कार्यविधि बमोजिम प्रचलित कानूनको अधीनमा रही खरिद लगायतका कार्य गर्नेछ।

१२. <u>कार्यक्रमको निरन्तरताः</u> यस कार्यविधि बमोजिमको नीति तथा कार्यक्रमलाई प्रदेश सरकारको यस पछिका आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमबाट निरन्तरता भएमा नयाँ आर्थिक वर्षहरुमा यस कार्यविधि बमोजिम थप नयाँ विद्यालयको छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

अनुसूची- १

(दफा ६ को खण्ड (क) को उपखण्ड (१) सँग सम्बन्धित)

<u>समझदारीपत्रको ढाँचा</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालयल (यसपछि पहिलो पक्ष भनिएको) र ....................जिल्ला, .........................महानगर/उपमहानगर/नगरपालिका/गाउँपालिका, वडा नं.........मा रहेको श्री .......................... (विद्यालय) (यस पछि दोश्रो पक्ष भनिएको) का बीच .............. युवा सचेतना अभियान कार्यक्रम सञ्चालन गर्ने निर्देशक तथा कार्यक्रम कार्यान्वयन समितिको मिति २०७.../......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा गर्न गराउन मन्जुर भएकाले यो समझदारी गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं:-

१. <u>प्रशिक्षण सम्बन्धमा</u>: दोस्रो पक्षले कार्यविधि बमोजिम छनौट भएको अनुशिक्षकलाई प्रशिक्षणको लागि आवश्यक समन्वय र सहयोग गर्नेछ।

२. <u>प्रशिक्षण अवधि</u>: दोस्रो पक्षले कार्यविधि बमोजिम हप्ताको कम्तीमा एकदिन अनुशिक्षकलाई कम्तीमा १ घण्टा समय प्रशिक्षण वापत समय उपलब्ध गराउनु पर्नेछ।

३. <u>अनुशिक्षक सम्बन्धमा</u>: कार्यविधि बमोजिम प्रशिक्षणको अनुमगन एवं रोहवरमा अनुशिक्षकलाई प्रशिक्षण गर्न लगाई सोको प्रतिवेदन र मन्त्रालयसँग समन्वय गर्नु गराउनु दोस्रो पक्षको कर्तव्य हुनेछ।

४. <u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च</u>: कार्यक्रमलाई प्रभावकारी कार्यावन्यनको लागि पहिलो पक्षले दोस्रो पक्षलाई युवा सचेतना समूहको गठन, परिचालन तथा अन्य व्यवस्थापनको लागि आवश्यक रकम उपलब्ध गराउनेछ।

५. <u>प्रतिवेदन पेश गर्नु पर्ने</u>: दोश्रो पक्षले कार्यविधि बमोजिम भत्ता एवं सुविधा पाउन तोकिएको आवश्यक प्रतिवेदन पेश गर्नु पर्नेछ।

| <u>पहिलो पक्ष (मन्त्रालयको तर्फबाट)</u> | <u>दोस्रो पक्ष (समझदारी गर्ने विद्यालयको तर्फबाट)</u>: |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| मन्त्रालयको छाप: | विद्यालय: |
| मिति: | मिति: |

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-

(दफा ६ को खण्ड (क) को उपखण्ड (२) को बुँदा नं. (क) सँग सम्बन्धित)

<u>तालिम निर्देशिका/हाते पुस्तिकामा रहने विषयवस्तु र पाठ्य समय</u>

| क्र.सं. | कार्यपत्रको विषयवस्तु | पाठ्य समय | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रमको परिचय | १ घण्टा | भाग १ |
| २ | बागमती प्रदेशको परिचय | २ घण्टा | भाग १ |
| ३ | हाम्रो ध्यानः स्वस्थ्य जिवन | २ घण्टा | भाग १ |
| ४ | लागू औषध दुर्व्यसन | २ घण्टा | भाग २ |
| ५ | आत्महत्या र मनोरोग | २ घण्टा | भाग २ |
| ६ | जातीय विभेद, सामाजिक कुप्रथा र अपराध | २ घण्टा | भाग २ |
| ७ | मानव बेचबिखन र यसका आयामहरु | २ घण्टा | भाग २ |
| ८ | लैंगिक तथा घरेलु हिंसा | २ घण्टा | भाग २ |
| ९ | सामाजिक सञ्जाल र विद्युतीय अपराध | २ घण्टा | भाग ३ |
| १० | सडक सुरक्षा | २ घण्टा | भाग ३ |
| ११ | सार्वजनिक सेवा | २ घण्टा | भाग ४ |
| १२ | विविधता व्यवस्थापन | २ घण्टा | भाग ४ |
| १३ | प्रेरणादायी व्यक्तित्व | २ घण्टा | भाग ४ |

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

अनुसूची- ३

(दफा ६ को खण्ड (ग) को बुदाँ नं २ र दफा १० सँग सम्बन्धित)

**<u>अनुशिक्षक र टिप्पणीकर्ताले पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा</u>**

कार्यक्रमको

१. परिचय (अनुशिक्षकको नाम, पद र विद्यालयको नाम):

२. समयावधि (कक्षा सञ्चालन मिति, समय):

३. खर्च विवरण (बिल/भर्पाई समेत):

४. प्रभावकारिता र उपलब्धि:

५. समस्या र चुनौती:

६. सुझाव र निष्कर्ष:

७. सम्बन्धित तस्वीरहरू:

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

अनुसूची- ४

(दफा १० सँग सम्बन्धित)

**रकम भुक्तनीको फारामको ढाँचा**

श्रीमान् सचिवज्यू,
आन्तरिक मामिला तथा कानून मन्त्रालय,
बागमती, प्रदेश।

विषयः भुक्तानी सम्बन्धमा।

हाम्रो ध्यान, युवा सचेतना अभियान कार्यक्रम.............................................. विद्यालयमा देहायबमोजिम सञ्चालन गरिएकोले नियमानुसार भत्ता बापतको रकम भुक्तानी गरिदिनुहुन अनुरोध छ।

| क.स | विवरण | अनुशिक्षण गरिएको मिति प्रविष्टि गर्ने | | | | |
|---|---|---|---|---|---|---|
| १. | अनुशिक्षण | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | जम्मा अनुशिक्षण घण्टाः | | | जम्मा रकमः | |

**संलग्न कागजातहरूः**

| | | | |
|---|---|---|---|
| अनुशिक्षणका लागि प्रस्तुतीकरण सङ्ख्याः | | अनुशिक्षकको (सामाजिक शिक्षक) | |
| जम्मा विद्यार्थी हाजिरी सङ्ख्याः | | नामः | बैंक खाता नं. |
| युवा सचेतना समूहका लागिः | | | |
| विद्यालयको छाप | | पदः | PAN No. |
| | | तहः | हस्ताक्षरः |
| | | टिप्पणीकर्ताको (प्र.अ.) | |
| | | नामः | बैंक खाता नं. |
| | | पदः | PAN No. |
| | | तहः | जम्मा रकमः |
| | | हस्ताक्षरः | |
| | | जम्मा भुक्तानी दिनुपर्ने रकमः | |

मा. गंगानारायण श्रेष्ठ
मन्त्री